नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ९८ २०७७ साल कात्तिक २६ गते बुधबार (11 Nov. 2020 Wednesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नावालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रिय जनगणनामा ... ३ पृष्ठमा : कोभिड-१९ ले निर्माण... ३ पृष्ठमा : अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा ...

# तिलाठी कोइलाडी गाउँपालिकाद्वारा निःशुल्क धानबालीको कटान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**

धान काट्ने जनशक्ति नपाइने भएकोले किसानलाई सहुलियत दिने उद्देश्यले मंगलबारदेखि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले निःशुल्क धानबालीको कटान सुरु गरेको छ ।

कोरोना भाइरसको महामारीका कारण धान काट्ने जनशक्ति नपाएको तथा पाकी सकेको धानबाली खेतमै झरेर नोक्सानी हुन सक्ने भएकोले किसानहरुलाई सहयोग गर्ने उद्देश्यले धानबाली निःशुल्क काटिदिने निर्णयमा पुगेको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले जानकारी दिएका छन् ।

चार वटा मेसिन लगाई वडा नं. ६ को. मधेपुराबाट मंगलबारदेखी धानबालीको कटान थालिएको उनले बताए । एउटा वडामा दुई वटा मेसिनमार्फत धानबाली कटान गरिने र त्यसका लागि गाउँपालिकाका सबै किसानलाई खबरसमेत गरिएको उनले बताए ।

उनले भने, "कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्न एकातिर हामी सबै लागेका छौं भने अर्कोतिर किसानले निकै लगानी र महिनेत गरी लगाएको धानबाली समयमै काट्न नसक्दा समस्या हुने देखेर गाउँपालिकाले निःशुल्क रुपमा कटान सुरु गरेको हो ।"

गाउँपालिकाका कार्यक्रम अधिकृत राजेशकुमार झाले गाउँपालिकाले चार वटा ट्याक्टर र चार वटा रिपर मेसिन खरिद गरी धानबालीको कटान सुरु गरेको बताए ।

***बाँकी अन्तिम पृष्ठमा***

# तिहारको तीन दिन बैंक नखुल्ने

काठमाडौँ, २५ कात्तिक (रासस) ।

कोरोना भाइरस सङ्क्रमणलाई ध्यानमा राख्दै वाणिज्य बैंकहरूले तिहारको बिदामा आफ्ना शाखाहरू नखुल्ने भएका छन् । सरकारले दिएको सार्वजनिक बिदाको समयमा बैंक तथा वित्तीय संस्थाका सबै काउन्टर बन्द हुने नेपाल बैंकर्स सङ्घले जनाएको छ ।

वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घले सीमित शाखा खोलेर बैङ्किङ सेवा दिँदा कोरोना सर्ने जोखिम बढ्ने सम्भावना भएको भन्दै नखोल्ने निर्णय गरेको जनाएको हो । सङ्घका प्रमुख कार्यकारी अधिकृत अनिल शर्मा कात्तिक २९ देखि मङ्सिर १ गतेसम्म गरी तीन दिन बैंकका शाखाले नखुल्ने बताउनुहुन्छ ।

"हालसम्म वाणिज्य बैंकका ६ हजारभन्दा धेरै कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । थप कर्मचारीमा सङ्क्रमण र धेरै कारोबार नहुने अनुमान गर्दै बन्द गर्ने निर्णय गरेका हौँ", उहाँले भन्नुभयो । हाल बैंकहरूले एटिएम तथा डिजिटल कारोबारलाई प्राथमिकतामा राख्दै आएको भन्दै यस पटक डिजिटल बैंकिङलाई प्रोत्साहन गरी शाखा खोलेर दिने सेवालाई बन्द गरेको बताएका छन् ।

सङ्घले कोरोना भाइरस सङ्क्रमणबाट बच्न तथा जोखिम न्यूनीकरणका लागि डिजिटल बैंकिङ, मोबाइल बैङ्किङ, इन्टरनेट बैङ्किङ र एटिएम सेवाको अधिकतम प्रयोग गर्न आग्रह गरेको छ । गत वर्ष दशैं तथा तिहारको बिदामा समेत समिति बैंकका काउन्टरमार्फत सेवा प्रवाह गर्दै आएका बैंक तथा वित्तीय संस्थाले यस वर्ष कोरोना भाइरस सङ्क्रमणलाई ध्यानमा राख्दै सेवा बन्द गर्ने निर्णय गरेका हुन् ।



# सम्पादकीय ....

## जनताको सुख, दु:खमा स्थानिय सरकारको भूमिका आवश्यक

सप्तरीमा अहिले कामदारको अभावमा धानबाली काट्न समस्या भएको छ। कोरोना महामारीका कारण अहिले कामदारहरुको अभाव भएको छ। यसअघि पनि सप्तरीमा धानबाली तथा गहुँबाली काट्ने समयमा कामदारको अभाव रहँदै आएको छ। यूवाहरु रोजगारीका लागि बिदेश पलायन भएपछि छिमेकी मुलुक भारतबाट आएर कामदारहरुले विभिन्न बाली काट्ने काम गर्दथे। तर, अहिले महामारीका कारण छिमेकी मुलुक भारतबाट पनि कामदारहरु आउने क्रम रोकिएपछि नेपाली किसानहरु चिन्तित देखिन्छन्। यस्तो अवस्थामा स्थानिय सरकारले किसानहरुको हितका लागि सहयोग गर्नु पर्ने आवश्यकता रहेको छ।

यसरी कामदारको अभाव भएपछि जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाले धानबाली काट्न किसानहरुलाई निशुल्क सहयोग गर्नु सह्रानिय कार्य हो। किसानहरुले महामारीका बीच दु:खका साथ रोपेको धान अहिले काट्ने अवस्थामा गाउँपालिकाले सहयोग गरेकोमा निकै हर्षित भएका छन्। यो एउटा जिल्लामा उदाहरणिय कार्य समेत हो।

तिलाठी कोइलाडी गाउँपालिकाले आफ्ना जनताका लागि देखाएको उदारताप्रति जिल्लाको हरेक गाउँपालिकाले मनन् गर्नु पर्दछ। अनि मात्र स्थानिय सरकार जनताप्रति जवाफदेहिता रहेको कुरा पुष्टि हुन आउछ। तसर्थ यस्ता कार्यलाई सबैले प्रोत्साहन गर्दै जनताको सुख, दु:खमा साथमा दिन सकेमात्र स्थानिय सरकारको औचित्य पुष्टि हुन जान्छ।

# राष्ट्रिय जनगणनामा आर्थिक र सामाजिक पक्षको अध्ययन गरिने

काठमाडौ, २४ कातिक (रासस)।

'मेरो गणना, मेरो सहभागिता, राष्ट्रिय जनगणना २०७८' भन्ने मूल नाराका साथ हुन लागेको राष्ट्रिय जनगणना-२०७८ मा जनसंख्या मात्रै नभइ आर्थिक, सामाजिकलगायतका पक्षबारे समेत अध्ययन गरिने भएको छ।

यस पटकको जनगणनामा पहिलो पटक घर तथा परिवारसम्बन्धी स्वामित्व विवरण, व्यवसाय प्रयोजनमा प्रयोग भएका घरको विस्तृत तथ्यांक संकलन गरिने केन्द्रीय तथ्यांक विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार त्यसका साथै कृषिमा प्रयोग भएका जग्गा, पशुपंक्षीको तथ्यांक र वित्तीय पहुँच, तालिमप्राप्त जनशक्ति, सरकारी अनुदानमा प्रयोग भएको घरको समेत तथ्यांक संकलन गरिने उहाँले बताउनुभयो।

केन्द्रीय तथ्यांक विभाग र आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार आयाजना गरेको भर्चुअल पत्रकार सम्मेलनमा उहाँले प्रत्येक १० वर्षमा गरिने राष्ट्रिय जनगणना शुरु हुन अब २११ दिन बाँकी रहेको बेला उहाँले प्रारम्भिक अनुमानमा तीन करोड जनसंख्या र ७० लाख घरपरिवार भएको अनुमान गरिएको समेत जानकारी दिनुभयो।

कोरोना महामारीको अनिश्चितता रहिरहेको अवस्थामा पनि विभागले सहजतापूर्वक राष्ट्रिय जनगणना सम्पन्न गर्ने तयारी भइरहेको छ।

"कोरोना महामारीकै बीचमा पनि विभागले पाइलट जनगणना गरिसकेको छ, जसबाट केही अनुभव पनि प्राप्त भएको छ, हालकै अवस्थामा भए पनि स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड पूरा गरी काम सम्पन्न गर्न समस्या हुँदैन" उहाँले भन्नुभयो।

जनगणनाको तयारी स्वरुप आगामी माघदेखि प्रमुख प्रशिक्षकलाई तालिम दिन शुरु गरिनेछ। त्यसैगरी चैत महिनादेखि चार महिनाका लागि सबै प्रदेश, जिल्ला र स्थानीय तहमा जनगणना कार्यालय स्थापना गरिनेछ।

विगतमा गणकका रुपमा शिक्षकलाई प्रयोग गरिन्थ्यो भने यसपटक खुला विज्ञापनमार्फत गणकहरू छनोट गरिनेछ। उहाँले आर्थिक समृद्धि र सुशासनको आधार स्थापनाका लागि जनगणना आवश्यक रहेको भन्दै यसको महत्व झनै बढेर गएको बताउनुभयो। यसपटकको जनगणनामा पहिलोपटक स्थानीय तहसम्म गइ विस्तृत तथ्यांक संकलन गरिनछ।

जनगणनालाई सफलतापूर्वक सम्पन्न गर्न राष्ट्रिय जनगणना निर्देशन समिति स्थापना गरिनेछ। साथै राष्ट्रिय जनगणना समन्वय समिति, राष्ट्रिय जनगणना प्राविधिक समिति र राष्ट्रिय जनगणनाका अन्य विषयगत समिति पनि रहनेछन्।

जनगणनाको समयमा चार महिनाका लागि विभिन्न स्थानमा कार्यालय स्थापना हुन्छ। जसमध्ये केन्द्रसँगै ७ वटै प्रदेश, सबै जिल्ला र सबै स्थानीय तह र वडा कार्यालयमा समेत जनगणना समन्य समिति स्थापना हुनेछ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सहसचिव सुमनराज अर्यालले हाल जनगणनाका शासकीय पक्षका बारेमा छलफल भइरहेको बताउनुभयो। " कुनै पनि तथ्यांकीय प्रक्रियामार्फत उत्पादन भएका सेवाहरू सार्वजनिक चासोका विषय हुन्। अहिले विभाग, सरकारलगायतले प्रवाह गर्ने सेवालाई सार्वजनिक वस्तु बनाउने काममा लागिरहेका छौं। यसमा जनगणाका शासकीय पक्षका बारेमा पनि छलफल गरिरहेका छौं," उहाँले भन्नुभयो।

**यस्ता हुन्छन् प्रश्नावली**

जनगणनामा सही र विस्तृत तथ्यांक संकलनका लागि तीन वटा प्रश्नावली तयार पारिएको छ। जसमा पहिलो प्रश्नावलीमा मूल घरानाको तथ्यांक संकलन गरिन्छ। यसमा २५ वटा प्रश्न हुन्छन्। त्यसबाहेक मुख्य प्रश्नावलीमा ५५ वटा प्रश्नहरू हुनेछन्। यो आगमी जेठ २५ गतेदेखि तथ्यांक संकलनमा प्रयोग गरिनेछ। यसमा सामूहिक प्रश्नावलीको प्रयोग गरिनेछ।

मुख्य प्रश्नावलीमा प्रत्यक्षरुपमा परिवारले उपभोग गरेका सुविधा, खानोपानी बत्ती, मोबाइल, सवारी साधन, महिलाका नाममा भएका जग्गा र घर, साना घरका व्यवसायलगायतको पनि विस्तृत तथ्यांक संकलन गरिनेछ।

त्यसैगरी सरकारी निकायमा दर्ता नभएका विवरण, विदेशमा रहेका परिवारका अनुपस्थित सदस्यहरूको पनि तथ्यांक संकलन गरिनेछ। जसमा कुन व्यक्तिले के काम गर्छन ? कस्तो काम गर्छन् ? उनीहरूले काम गर्ने ठाउँमाबाट कस्तो उत्पादन हुन्छ लगायतका तथ्यांकहरू संकलन गरिने श्रेष्ठले जानकारी दिए। सामुदायिक प्रश्नावलीमा वडास्तरमा हुनेछ। यसमा पनि हाउसहोल्डबाट प्राप्त भएका तथ्यांकलाई पुनः परिक्षण गरिनेछ। जसबाट वडा स्तरमा राजस्व संकलनको स्रोतको तथ्यांक, कृषिजन्य उत्पादन र निकासी तथ्यांक, वडास्तरको आम्दानीको स्रोतबारे विवरण लिइनेछ।

# कोरोनाको महामारीको समयमा शुल्क लिएको भन्दै नेविसंघको आपत्ति

काठमाडौँ, २५ कात्तिक (रासस)।

नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ ( नेविसङ्घ)ले काठमाडौँ विश्वविद्यालयले कोरोना महामारीको समयमा पनि विद्यार्थीसँग शुल्क लिएको भन्दै आपत्ति जनाएको छ।

नेविसङ्घका अध्यक्ष राजिव ढुङ्गानाले सोमबार साँझ एक विज्ञप्ति जारी गरी काठमाडौँ विश्वविद्यालयले एक सूचना प्रकाशित गरी शुल्क तिर्न आग्रह गरेको भन्दै आपत्ति जनाउनुभएको हो। "विश्वविद्यालयमा नियमितरूपमा पठनपाठन नभएको अवस्थामा पनि विभिन्न वहानामा शुल्क मात्र उठाउने काम तत्काल बन्द होस्", उहाँले भन्नुभयो।

नेविसङ्घले शुल्क उठाउने निर्णयको खारेजको माग गर्दै रिले अनशन बसेका काठमाडौँ विश्वविद्यालयका विद्यार्थीको समर्थनसमेत गरेको छ। कोभिड-१९ को प्रतिकूल अवस्थामा ढिलो गरेर रकम बुझाउने विद्यार्थीलाई विश्वविद्यालयले उल्टै चार्ज लगाउनु आपत्तिजनक भएको नेविसङ्घले जनाएको छ।

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

तिलाठी कोईलाडी गाउँपालिका
तिनाठी कोईनाडी गाउँपानिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी
प्रदेश नं. २, नेपाल

प.सं. :- २०७७।०७८
च. नं:- ४५२

EmailID:tilathikoiladigp@gmail.com

मिति: २०७७/०७/२५

**दरभाउपत्र स्विकृतीको आशयको सुचना**

(प्रकाषित मिति २०७७।७।२६ )

उपरोक्त सम्बन्धमा यस कार्यालयले मिति २०७७।०६।२१ गते को राजबिराज दैनिक पत्रिकामा प्रकाषित गरेको ३० दिने सार्बजनिक सुचना अनुसार प्राप्त्र हुन आएका शिलबन्दि बोलपत्र हरु मध्ये तल उल्लेख भएका शिलबन्दि बोलपत्र न्यूनतम मुल्याकित सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिको लागी छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सबै शिलबन्दि बोलपत्रदाताहरुको जानकारीको लागी यो सुचना प्रकाषित गरिएको छ।

| सि.न | सुचना न. | छनौट भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कामको बिबरण | कबोल अँक प्रति के.जि मा |
|---|---|---|---|---|
| १ | २/०७७-०७८ | सौनाई बिँउ भण्डार एण्ड सप्लार्यस,रा.बि ८,सप्तरी | गहुको बिँउ खरिद सम्बन्धि | रु.७५।- (सर्म्पूण कर सहित) |
| २ | २/०७७-०७८ | सौनाई बिँउ भण्डार एण्ड सप्लार्यस,रा.बि ८,सप्तरी | सरसोको बिँउ खरिद सम्बन्धि | (क)रु.६००।- (सर्म्पूण कर सहित) तोड (ख)रु.५००।- (सर्म्पूण कर सहित) चाईनिज तोड |

२०७७।०७।२५
(केशव कुमार झा)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
१. श्री सुचना तथा प्रविधि शाखा:-यस गा.पा को बेबसाईडमा अपलोड गरिदिनुहुन।

# कोभिड-१९ ले निर्माण क्षेत्रमा पारेको प्रभावको समाधान गर्न माग

काठमाडौँ, २५ कात्तिक (रासस)।
नेपाल निर्माण व्यवसायी महासङ्घले निर्माण व्यवसाय क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव र समाधानका उपायका बारेमा जानकारी गराएको छ। महासङ्घ प्रतिनिधिमण्डलले सोमबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठ र सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव सूर्यप्रसाद गौतमलाई भेटी यस्तो जानकारी गराएको हो।

महासङ्घ अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलले सचिवद्वयसमक्ष धरौटी रकम, कोभिड-१९ को मापदण्ड, सार्वजनिक निर्माणको म्याद थप, बैंक ग्यारेण्टी तथा बिमा, क्रेडिट लाइन कमिसनलगायतका विषयमा जानकारी गराएको हो।

लामो अवधिसम्मको बन्दाबन्दीका कारण निर्माण क्षेत्र बन्द रहेको र चाडपर्वपछि पनि निर्माण शुरु हुने/नहुने निश्चित नभएको हुँदा त्यस अवधिसम्मको घरभाडा, बैंक किस्ता, कर्मचारी तलब आदि ओभरहेड खर्चले गर्दा निर्माण क्षेत्रमा नगद प्रवाह कम रहेको जानकारी महासङ्घले गराएको छ। बन्द रहेको निर्माण क्षेत्रलाई पुनःसञ्चालन गरी आर्थिक कारोवारलाई चलायमान बनाउन निर्माण व्यवसायीको बिलबाट कट्टी भई राज्यको ढुकुटीमा निष्क्रिय अवस्थामा रहेको पाँच प्रतिशत ( रिटेन्सनमनि) धरौटीवापतको रकम निर्माण व्यवसायीलाई बैंक ग्यारेन्टीको आधारमा फिर्ता पाउने व्यवस्था गरिनु अत्यावश्यक भएको महासङ्घको माग छ।

धरौटीवापतको रकम बजारमा आएको खण्डमा निर्माण व्यवसायले जीवन्तता प्राप्त गर्न सक्ने, हाल निर्माण व्यवसायीलाई रु ६५ अर्ब अपुग भई बन्द रहेका विकास निर्माण द्रुतगतिमा अगाडि बढी समयमा नै सम्पन्न हुने, निर्माण व्यवसायको उत्थान हुने र बजारमा नगद प्रवाह बढ्न गई देशको अर्थतन्त्र पनि चलायमान हुने विश्वास गरिएको छ।

कोभिड-१९ को समयमा निर्माण जारी राख्दा स्वास्थ्यका मापदण्ड कानूनीरुपमा तोकिनुपर्नेमा सार्वजनिक निकायले आ-आफ्नो किसिमले बनाएर लागू गरेको पाइएको महासङ्घले जनाएको छ। फरक-फरक मापदण्ड लागू गर्दा कोभिड-१९ को सङ्क्रमण नियन्त्रणमा प्रभावकारिता नहुने, एकै प्रकृतिको निर्माणमा समेत फरक-फरक मापदण्ड लागू भई असमान अवस्था सिर्जना हुने र निर्माण व्यवसायीलाई समेत कार्यसम्पादनमा कठिनाइ हुने भएकाले सरकारले सबै सार्वजनिक निकायलाई लागू हुने गरी एउटै किसिमको कानूनी मापदण्ड तोक्न महासङ्घले माग गरेको छ। कार्यान्वयनका लागि केही निश्चित रकम (ओभरहेड खर्च) समावेश गराउनुपर्ने विषयमा महासङ्घले सचिवद्वयको ध्यानाकर्षण गराएको छ।

सार्वजनिक खरिद नियमावलीको २०७६ पुस १४ गते भएको नवौँ संशोधनमा व्यवस्था भएबमोजिम लामो समयदेखि म्याद थप हुन नसकेका रुग्ण किसिमका निर्माणको एक वर्ष गत २०७६ फागुनदेखि लागू हुने गरी म्याद थप भए पनि २०७६ चैत ११ गतेदेखि भएको बन्दाबन्दीका कारण काम हुन नसकेकाले ती निर्माणको म्याद पुनः थप गरिनुपर्ने महासङ्घको माग छ।

कोभिड-१९ का कारणले बन्दाबन्दी जारी रहँदासम्म विकास निर्माण हुन नसकेको समयलाई सार्वजनिक खरिद ऐनले विषम परिस्थिति परिभाषित गरेको हुँदा सबै परियोजना एवं ठेक्काको म्याद स्वतः एक वर्ष एकमुष्ट थप हुने गरी सरकारबाट नीतिगत निर्णय हुनुपर्ने माग महासङ्घले अघि सारेको छ। गत असार २९ को मन्त्रिपरिषद्को निर्णयानुसार बन्दाबन्दीमा सम्झौता भएका र म्याद समाप्त भएका हकमा केवल छ महिना मात्र थप भए पनि समय अपुग हुने व्यवसायीको भनाइ छ। निर्णयबाट सम्पूर्ण निर्माणको म्याद थप नभएको हुँदा सबै परियोजना एवं ठेक्काको म्याद स्वतः एक वर्ष थप गरिनुपर्ने महासङ्घको माग छ।

प्रतिनिधिमण्डलमा महासङ्घका वरिष्ठ उपाध्यक्ष निकोलस पाण्डे, महासचिव रोशन दाहाल, उपमहासचिव टङ्कप्रसाद चौलागाईं कार्यालय प्रमुख प्रेमसिंह ऐरलगायतको सहभागिता थियो।

### *कोरोनाको महामारीको ...*

नेविसङ्घका महामन्त्री दीपक भट्टराईले कोभिड-१९ का कारण अप्ठ्यारोमा परेका विद्यार्थीलाई विश्वविद्यालयले विभिन्न वहानामा शुल्क उठाउने काम जायज नभएको बताउनुभयो। काठमाडौँ विश्वविद्यालयका विद्यार्थीले राखेका जायज माग तत्काल सम्बोधन गर्नुपर्ने उहाँको भनाइ थियो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा रक्षामन्त्रीलाई बर्खास्त

वासिङ्टन, २५ कात्तिक (रासस/एपी)।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना रक्षामन्त्री मार्क इस्पेरलाई सोमबार बर्खास्त गर्नुभएको छ।

राष्ट्रपति चयनका लागि हालै भएको निर्वाचनमा दोस्रो कार्यकालका लागि प्रतिस्पर्धा गरेर पराजित हुनुभएका ट्रम्पले कार्यकाल सकिनै लागेका समय रक्षा मन्त्रीलाई बर्खास्त गर्नुभएको हो।

रक्षामन्त्री इस्पेरको बर्खास्तीलाई अप्रत्यासित र अस्वभाविक मानिएको छ। राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्वीटर मार्फत इस्पेरलाई हटाइएको जानकारी दिनुभएको छ। तर उहाँलाई हटाउनुको कारण भने उहाँले स्पष्ट पार्नुभएको छैन।

ट्रम्प र इस्पेरकाबीचमा पछिल्लो केही समयदेखि मतभेद रहेको थियो। गत जुनमा एक जना अश्वेत अमेरिकीको हत्या भएपछि चर्किएको आन्दोलनका क्रममा सेना परिचालन गर्ने की नगर्ने बारेमा उहाँहरुका बीचमा मतभेद भएको हो।

त्यतिबेला ट्रम्पले आन्दोलन दबाउन सेना परिचालन गर्न खोजे पनि रक्षा मन्त्री इस्पेरले भने अस्वीकार गर्नुभएको थियो। त्यति बेला नै उहाँलाई ट्रम्पले बर्खास्त गर्ने अनुमान गरिए पनि अहिले भने अनुमान गरिएको थिए।

राष्ट्रपति ट्रम्पले इस्पेरलाई हटाएर खाली भएको रक्षा मन्त्रीको पदमा नेस्नल काउन्टर टेरोरिजम सेन्टरका निर्देशक क्रिस्टोफर मिलरलाई जिम्मेवारी दिनुभएको छ।

ट्रम्पले नवनियुक्त रक्षामन्त्री मिलरले राम्रो काम गर्ने विश्वास व्यक्त गर्दै बर्खास्त रक्षा मन्त्री इस्पेयरलाई विगतको सेवाका लागि धन्यवाद दिनुभएको छ। बर्खास्त हुनुभएका इस्पेरले पनि राष्ट्रपति ट्रम्पप्रति धन्यवाद ज्ञापन गर्दै जिम्मेवारीमा रहँदा संविधान र सैनिक तथा सुरक्षाको मर्मअनुसार काम गर्ने प्रयत्न गरेको उल्लेख गर्नुभएको छ।

# म्यानमारका सूचीको पार्टीलाई बहुमत

याङ्गुन, २५ कात्तिक (रासस/एएनआई)।
म्यानमारका सत्तारुढ दल नेशनल लिग फर डेमेक्रेसी (एनएलडी) ले बहुमत प्राप्त गरेको छ।

प्रजातन्त्रवादी नेतृ आङ साङ सूची नेतृत्वको पार्टीले आइतबार भएको निर्वाचनबाट प्रतिनिधि सभामा बहुमत प्राप्त गरेको हो। उहाँको पार्टीले बहुमत प्राप्त गरेको केन्द्रीय निर्वाचन आयोगले मंगलबार घोषणा गरेको छ।

निर्वाचनमा कुल पाँच हजार ६३९ जना उम्मेदवारमध्ये सूचीको सत्तारुढ दलको तर्फबाट एक हजार १०६ जना उम्मेदवार रहेका छन्। म्यानमारका एक हजार ११७ संसद सदस्यका लागि निर्वाचन भएको हो।

मंगलबार बिहानसम्ममा कुल ४७ जना निर्वाचित भएकोमा सूचीको पार्टीले मात्रै ४४ सिटमा जित हासिल गरेको छ। विपक्षी युएसडीपी तीन सिटमा मात्रै विजयी भएको थियो।

म्यानमारमा सन् २०१२ मा उपनिर्वाचन भएको थियो भने सन् २०१५ मा आम निर्वाचन भएको थियो। त्यो कार्यकाल सकिएपछि अहिले फेरि निर्धारित समयमै निर्वाचन भएको हो। सन् २०१५ मा भएको निर्वाचनमा पनि सूचीको पार्टीले पूर्ण बहुमत प्राप्त गरी सन् २०१६ देखि सरकार संचालन गर्दै आएको थियो।

अहिलेको निर्वाचनमा विपक्षीहरुको कमजोर उपस्थितिका कारण नोबेल शान्ति पुरस्कार विजेता सुचीकै पार्टीले जित्ने पुर्वानुमान गरिएको थियो।

सुचीले म्यान्मारको शक्तिशाली सैनिकहरुको हातबाट शासनसत्ता लिएर नागरिक तहमा सरकार गठन गरेकाले उहाँ म्यानमारमा लोकप्रिय रहनुभएको छ। उहाँले स्टेट काउन्सिलरका रुपमा सरकार संचालन गर्नुभएको छ।

उहाँको सरकारले पनि जनअपेक्षा अनुरुप काम गर्न नसकेको, म्यान्मारमा व्याप्त गरिबी न्यूनीकरण गर्न तथा देशभित्र जारी जातीय समूहबीचको सशस्त्र द्वन्द्व न्यून गर्न नसकेको आरोप भने लाग्दै आएको छ।

# पेरुका राष्ट्रपति विजकाराविरुद्धको महाभियोग प्रस्ताव पारित

लिमा, पेरु, २५ कात्तिक (रासस/एएफपी)।
पेरुको संसदले राष्ट्रपति मार्टिन भिजकारालाई सन् २०१४ मा क्षेत्रीय प्रशासक रहेको समय घुस लिएको आरोपमा गरिएको महाभियोग प्रस्तावको पक्षमा संसद उभिएको छ।

करिब आठ घण्टा चलेको महाभियोगको सुनुवाइपछि राष्ट्रपतिलाई हटाउने प्रस्तावमा १०५ र विपक्षमा १९ मत परेको हो। महाभियोग प्रस्ताव पास हुनका लागि संसद्का ८७ सदस्यले उहाँको विपक्षमा मतदान गरेपुग्नेमा योभन्दा निकै धेरै १०५ मत परेको हो।

त्यसैगरी संसदले गणतान्त्रिक पेरुको राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव पारित भएपछि उक्त स्थान खाली भएको जानकारी गराएको छ।

यसैबीच भिजकाराले राष्ट्रपतिको कार्यालय छोड्नुपूर्व शिर ठाडो गर्दै आफ्ना समर्थकबीच उभिनुभएको थियो। आफूले संसदको निर्णयलाई चुनौती दिन कानुनी बाटो नखोज्ने घोषणा गर्नुभयो। उहाँका समर्थकहरूले राजधानी लिमा र अन्य मुख्य शहरमा उहाँको पक्षमा नाराबाजी गरेका थिए।

उहाँले भन्नुभयो, “मैले सरकारबाट दुई वर्ष आठ महिनापछि छोड्दैछु।” यसपछि आफू तत्काल आफ्नो निजी निवासमा जाने उहाँले बताउनुभयो।

“गणतन्त्रको राष्ट्रपति पद रिक्त रहेको घोषणा गर्ने प्रस्तावलाई अनुमोदन गरिसकेको छ,” संसद सदस्य मानुयल मेरिनोले बताउनुभयो।

“म स्पष्ट विवेकको साथ छोड्दै छु र मेरो कर्तव्य पूरा गरिसकें,” भिजकाराले भन्नुभयो। आफ्नो ३२ महिनाको कार्यकालमा आफूले निकै लोकप्रियता पाएको उहाँको दावी थियो। पेरूमा सन् २०२१ को अप्रिल मा आम निर्वाचनका साथै राष्ट्रपतीय निर्वाचन हुने बताइएको छ।

# काठमाडौं उपत्यकामा मात्र २० हजार सक्रिय संक्रमित

काठमाडौँ, २४ कात्तिक (रासस)।

काठमाडौँ उपत्यकामा अहिलेसम्म ९० हजारमा कोरोना भाइरसको सङ्क्रमण मानिसमा देखिएको छ भने निको भएका सङ्ख्या घटाउँदा हाल २० हजार सक्रिय सङ्क्रमित देखिएका छन्।

देशभर एक लाख ९७ हजार २४ सङ्क्रमित हुँदा उपत्यकामा ९० हजार १५५ सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिनुभयो । यसमा, काठमाडौँ जिल्लामा ७३ हजार २०३ जना, भक्तपुरमा छ हजार ५९८ जना र ललितपुरमा १० हजार ३५४ जना रहेका छन्। मंगलबार मात्र उपत्यकामा एक हजार ४२८ जना सङ्क्रमित भएका छन् । तीमध्ये ६३० महिला र ७९८ पुरुष रहेका छन्।

देशभर ३६ हजार १७४ सक्रिय सङ्क्रमित हुँदा काठमाडौँ उपत्यकामा १९ हजार ३८४ जना रहेका छन् । काठमाडौँ जिल्लामा १५ हजार ९८२ जना, भक्तपुरमा एक हजार १४३ जना र ललितपुरमा दुई हजार २५९ जना सक्रिय सङ्क्रमित रहेका छन ।

देशभर निको हुने एक लाख ५९ हजार ७२४ जना भएकामा उपत्यकामा मात्र ७० हजार ३५६ जना रहेका छन् । तीमध्ये काठमाडौँ जिल्लामा ५६ हजार ९४६, भक्तपुरमा पाँच हजार ३८३ र ललितपुरमा आठ हजार २७ जना निको भई घर फर्किएका छन्। देशभर कूल निको हुने दर ८१ प्रतिशत रहेको छ ।

देशभर एक हजार १२६ जना सङ्क्रमणबाट निधन भएकोमा उपत्यकामात्र ४१५ जना रहेका छन । तीमध्ये काठमाडौँ जिल्लामा २७५ जना, भक्तपुरमा ७२ र ललितपुरमा ६८ जना रहेका छन् ।

अहिलेसम्म काठमाडौँ जिल्लामा ११ हजार ६५१ जना, भक्तपुरमा एक हजार ८१४ जना र ललितपुरमा एक हजार ८३१ जना आइसोलेसनमा रहेका छन् ।

अहिले देशभर ३६ हजार १७४ सक्रिय सङ्क्रमित छन् । उनीहरूमध्ये २९ हजार ८३६ होम आइसोलेसनमा छन् । संस्थागत आइसोलेसनमा रहेका मध्ये ४११ जनाको सघन उपचार कक्ष (आईसीयू) र ८३ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । देशभर ९ सय ६७ जना क्वारेन्टिनमा रहेका छन् । हालसम्म १५ लाख ५१ हजार २५४ जनाको पीसीआर भएको छ ।

देशभर पछिल्लो २४ घण्टामा थप २ हजार ५ सय ७१ जनामा कोरोना भाइरस (कोभिड -१९) को सङ्क्रमण पुष्टि भएको छ । मन्त्रालयका अनुसार पछिल्लो समय ११ हजार १७७ जनाको स्वास्थ्य परीक्षण गर्दा १ हजार ५१ महिला र १ हजार ५२० पुरुष गरी उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

## *तिलाठी कोइलाडी ...*

यस्तै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले गाउँपालिकाको ८ वटै वडामा गरी करिब एक हजार पाँच सय विघाभन्दा बढीमा लगाइएको धानबालीको कटानको खर्च गाउँपालिकाले ब्यहोर्ने र मेसिन लगाएर काटिने गहुँ सम्बन्धित किसानले आफै भित्र्याउने जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ६ का खुशेश्वर यादव हर्षित हुँदै भन्छन्, "धान काट्ने जनशक्ति नपाइरहेको अवस्थामा गाउँपालिकाले सबै किसानको धान निःशुल्क काटिदिने निर्णय गरेपछि हामीलाई धेरै सहुलिय भएको छ ।"

यसअघि लकडाउनको कारण किसानको खेतमै रहेको गहुँबाली गत चैत महिनामा गाउँपालिकाले खर्च ब्यहोरेर कटान गरिदिएको थियो । सात सय विघाको गहुँबाली कटान गर्ने लक्ष्य लिएपनि करिब अढाई सय विघामा लगाइएको गहुँबाली कटान गरिएको थियो ।

# गरिब, एकल महिलालाई पाठी बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**

सप्तरीको राजगढ गाउँपालिकामा गरिब तथा एकल महिलाहरुलाई जिविकापार्जनका लागि एक एक थान पाठी बितरण गरिएको छ ।

महिला बालबालिकाका लागि समाजिक सुरक्षा काठमाडौको सहयोमा ३० परिबारलाई एक एक थान पाठी बितरण गरिएको हो ।

संस्थाका अध्यक्ष राजेश रेग्मीले पाठी बितरण गर्दै आगामी दिनमा जिल्लाको विभिन्न स्थानमा रहेका गरिब, असाहय तथा एकल महिलाका लागि कार्यक्रमलाई निरन्तरता दिने जानकारी समेत दिए ।

सो बितरण कार्यक्रममा स्थानिय संजिब राज मिश्र, पुर्व गाबिस अध्यक्ष धनीलाल मण्डल, राजन मण्डल, बिशेश्वर मण्डल तथा जसपाका नेता गजेन्द्र मण्डललगायतको उपस्थिती रहेको थियो ।

# हार्दिक समवेदना



जन्म मिति
बि.स. २०११/०५/०३

स्वर्गारोहन
बि.स. २०७७/७/१९

**स्व. रमाकान्त साह**

यस संस्थाका शेयर सदस्य तथा सप्तरी ब्रहमपुर ५ हाल राजविराज नगरपालिका वडा नं. ६ निवासी रमाकान्त साहको २०७७ साल कात्तिक १९ गते असामयिक निधनले हामी मर्माहित र स्तब्ध भएका छौ । दु:खको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**राजविराज, परिवार**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

## गजेन्द्र नारायण सिंह अस्पताल
## राजविराज, सप्तरी

मिति : २०७७/०७/२५

**विषय : पदनाम संशोधन गरिएको सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस अस्पतालले मिति २०७७/०७/२१ गते प्रथम पटक प्रकाशित सूचनामा चिकित्सक वा स्वास्थ्यकर्मी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचनामा सि.नं. १ देखी सि.नं. ६ सम्ममा उल्लेखीत पदहरुमा वरिष्ठ नहुने पर्ने भएको हुँदा सो संशोधन गरिएकोले सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको अनुरोध छ ।

डा. रणजित कुमार झा
नि.प्र.मे.सु.

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np